# जगन्नाथ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
जुड्डी, बाजुरा, सुदुरपश्चिम प्रदेश, नेपाल


**प्रथम पटक सूचना प्रकासन मितिः २०७९।०४।०६**

**विषयः- मौजुदा सूचि दर्ता गराउने सम्बन्धमा ।**

यस जगन्नाथ गाउँपालिकाको कार्यालय,जुड्डी बाजुराको लागि आर्थिक बर्ष २०७९।२०८० मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद २ को दफा ६ (क) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (संशोधन सहित) मा भएको कानुनी ब्यवस्था बमोजिम तपशिलको कार्य गर्न इच्छुक व्यक्ति,फर्म,सप्लायर्स,संस्था वा कम्पनीले आर्थिक बर्ष २०७८।२०७९ को व्यवसाय नविकरण भएको प्रमाण-पत्र,कर चुक्ता प्रमाण-पत्र सहित स्थायी लेखा नं (PAN) र मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी र आवश्यकता अनुसारको व्यावसायिक इजाजतपत्र सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची-२(क) बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र सूचि दर्ताका jagganathmun@gmail.com मा पठाउन हुन वा यस गाउँपालिकाको कार्यालय जुड्डीमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**आपुर्ति गर्नु पर्ने समानहरु र उपलब्ध गर्नु पर्ने सेवाहरु**

**(क) कार्यालय उपकरणहरु**

१.कम्पुटर,ल्यापटप,ल्यापटप ब्याट्री,चार्जर, सर्भर तथा अन्य डिभाइसहरु ।

२.फोटोकपी मेसिन,पिन्ट्रर,फ्याक्स,स्कानर,कार्टेज,टोनर,क्यामेरा,मल्टिमिडिया,सिसि क्यामेरा।

३.पावर ब्याक अफ (ब्याट्री,इन्भर्टर,सोलार) सम्बन्धि उपकरण।

४.इलेक्टिक,इलोक्ट्रोनिक्स तथा हार्डवयेर सम्बन्धि अन्य उपकरण।

**(ख) फर्निचर तथा अन्य सेवाहरु**

१. काठ तथा मेटलका फर्निचर/सोफा,दराज,टेबुल,कुर्चि,फर्निसिङ्ग तथा अन्य समाग्रीहरु।

**(ग) छपाई तथा मसलन्द**

१.आवश्यक स्टेशनरी तथा मसलन्द समानहरु।

२.खेलकुदका सामाग्रीहरु।

३.विज्ञान प्रयोगशालाका सामाग्रीहरु।

४.सामान्य छपाई एंव आपुर्ति सम्बन्धि कार्य।

५.भिजिटिङ्ग कार्ड,आइडी कार्ड।

**(घ) मर्मत संभार**

१.कम्पुटर,ल्यापटप,पिन्ट्रर सर्भर लगायत अन्य मर्मत।

२.सवारी साधन मर्मत।

३.फर्निचर,धारा बाथरुमका समान लगायत अन्य सम्पत्ति मर्मत।

४.जेनेरेटर लगातय अन्य इलेक्टिकल तथा इलोक्ट्रोनिक्स सम्बन्धि उपकरणहरु मर्मत।

नि.प्रमुख प्रशासकीय अधिकृत

**(ङ) प्रवर्द्धन**

१.साइन बोर्ड,फलेक्स,होडिङ्ग बोर्ड तथा पोल ब्यानर सम्बन्धि सेवाहरु।

२.विज्ञापन तथा सूचना सम्बन्धि सेवाहरु।

(च) मिडिया एजेन्सी (रेडियो, विज्ञापन, पत्रपत्रिका, छापाखाना र अनलाइन मिडिया)।

(छ) औषधी तथा औषधी जन्य सामाग्री ।

(ज) स्वास्थ्य तथा चिकित्सामा उपयोगी मेडिकल जन्य मेसिनरी औजार, उपकरण तथा सामाग्रीहरु।

(झ) ल्याव सेवाका लागि आवश्यक पर्ने मेसिनरी औजार उपकरण तथा औषधीहरु।

(ञ) आयुर्वेद औषधी निर्माणमा प्रयोग हुने स्थानीय जडिबुटी तथा तेलहरु।

(ट) एल.पि. ग्यास,पेट्रोल तथा डिजेल लगायतका इन्धन आपुर्ति सेवा।

(ठ) हिउदे तथा बर्षे फलफुलका बिरुवाहरु।

(ड) विभिन्न जातका तरकारी र अन्न बालीका बिउबिजनहरु।

(ढ) कृषि औजार तथा उपकरणहरु।

(ण) पशु संग सम्बन्धित विभिन्न खालका औषधी तथा उपकरणहरु।

(त) निर्माण सामाग्रीहरु।

**(थ) अन्य सेवाहरु**

१.संचार कुरियर सेवा २.इन्टरनेट सेवा ४.वेभसाइट डिजायन निर्माण तथा मर्मत सेवा ३.गाडी एम्बुलेन्स र मोटरसाइकल आपुर्ति ४.बिमा सेवा ५.विभिन्न प्रकारका सफ्टवेयर आपुर्ति ६.परामर्श सेवा ७.तालिम हल होटल तथा रेष्टुरेन्ट ८.हवाई सेवा

**अन्य थप जानकारीहरु**

१. सूचिकृत हुन निवेदन दिनेहरु मध्ये बाट उपयुक्त ठहरिएका फर्म तथा कम्पनीहरुलाई मात्र सूचिकृत गरिनेछ । त्यसरी सूचिकरण गर्दा पेश हुन आएको विवरण क्षमता अनुभव तथा दक्षतालाई आधार मानी गरिनेछ ।
२. सूचिकृत भएका बिक्रेता फर्महरु बाट वित्तिय संस्थाको आवश्यकता अनुसारको समान खरिद गर्न तथा सेवा प्राप्त गर्न पत्र मार्फत कोटेशन गरिनेछ र प्राप्त कोटेशनहरु मध्येबाट गाउँपालिकालाई उपयुक्त लागेको फर्म/कम्पनीलाई समान आपुर्ति गर्नको लागि खरिद आदेश पठाइने छ ।
३. सूचिकृत भएको जानकारी गाउँपालिकाको वेभसाइटमा राखिनेछ साथै फोन वा इमेलबाट जानकारी गराइनेछ ।
४. सूचिकृत भएका कम्पनी तथा फर्महरुले उपलब्ध गराएको बस्तु तथा सेवाहरु तोकिएको गुणस्तर एंव मापदण्ड बमोजिमको नभएमा वा कार्यसम्पादन शैली सन्तोषजनक नरहेमा उक्त कम्पनी तथा फर्मलाई बिना सूचना बस्तु तथा सेवा उपलब्ध गराउने सूचीबाट हटाउन समेत सकिनेछ ।यस उपर कुनै दाबी बिरोध गर्न पाइनेछैन ।
५. सूचिकरण गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार गाउँपालिकामा नै निहित रहनेछ ।

**जगन्नाग गाउँपालिकाको कार्यालय जुड्डी,बाजुरा**

प्रमुख प्रशासकीय अधिकृत